# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः १** **मितिः २०७९/०५/०६**

## भाग-२

आँबुखैरेनी गाउँपालिका

# नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोष संचालन र ब्यबस्थापन कार्यविधि, २०७९

प्रमाणीकरण मिति

२०७९/०५/०६

**प्रस्तावना**

गम्भीर प्रकृतिका दिर्घ रोग लागेका ,आर्थिक रुपमा अति बिपन्न नागरिकलाई आर्थिक सहायता प्रदान गर्न साथै मानवीय ,प्राकृतिक विपत वा अन्य संकटबाट क्षति भएका वा जोखिममा रहेका गाउँपालिकामा दर्ता भई संचालनमा रहेका बयाबसायीहरुलाई क्षतिपूर्ति प्रदान गर्न गाउँपालिकाको नीति तथा कार्यक्रममा किटान भएअनुसार नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोषको स्थापन गरी सो कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न र सहायता प्राप्त गर्नेलाई अनुशासन ,जवाफदेही ,उत्तरदायी बानाई अपेक्षित परीणाम हाँसिल गर्न तथा आँबुखैरेनी गाउँपालिकाको कोषको सही सदुपयोग तथा परिचालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी आँबुखैरेनी गाउँपालिकाले यो कार्यविधि बनेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामः **"नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोष संचालन र ब्यबस्थापन कार्यविधि २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

(२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "कार्यविधि" भन्नाले आँबुखैरेनी गाउँपालिकाको नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोष संचालन र ब्यबस्थापन कार्यविधि २०७९ लाई सम्झनु पर्दछ "कोष" भन्नाले आँबुखैरेनी गाउँपालिकाको नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोषलाई बुझ्नुपर्छ ।

(२) "कार्यपालिका" भन्नाले आँबुखैरेनी गाउँ कार्यपालिकालाई बुझ्नु पर्छ ।

(३) क्यान्सर बिरामी" भन्नाले नेपाल सरकार वा मान्यता प्राप्त बैदिशिक अस्पतालबाट क्यान्सर रोगको निदान भएका विरामीलाई सम्झनु पर्दछ ।

(४) "आर्थिक सहायता" भन्नाले क्यान्सर रोग र अन्य प्रकृतिका रोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने उपचारको लागी आर्थिक सहायता रकम लाई बुझ्नु पर्छ ।

(५) "ब्यबसायी" भन्नाले आँबुखैरेनी गाउँपालिकाको ब्यबसाय दर्ता ऐन २०७९ र आँबुखैरेनी गाउँपालिकाको सामाजिक संघ संस्था दर्ता ऐन २०७९ अनुसार दर्ता भएका ब्यबसायी लाइ बुझ्नु पर्छ ।

## परिच्छेद २
## कोषको अवधारणा तथा उद्देश्य

(३) अवधारणाः यस कोषको अवधारणा निम्नानुसार रहेको छ :

(१) आँबुखैरेनी गाउँपालिकाका क्यान्सर बिरामीलाई साथै आर्थिक रुपमा अति बिपन्न नागरिकलाई आर्थिक सहायता प्रदान गरी उपचारमा सहयोगको गर्न,

(२) मानवीय, प्राकृतिक विपत वा अन्य संकटबाट क्षति भएका वा जोखिममा रहेका गाउँपालिकामा दर्ता भई संचालनमा रहेका बयाबसायीहरुलाई क्षतिपूर्ति प्रदान गर्न,

(३) गाउँपालिकाको नीति तथा कार्यक्रममा किटान भएअनुसार नागरिक उपचार तथा

ब्यबसायी सुरक्षा कोषको स्थापन गरी सो कोषलाई व्यवस्थित, प्रभावकारी र मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न र सहायता प्राप्त गर्नेलाई अनुशासन, जवाफदेही, उत्तरदायी बानाई अपेक्षित परीणाम हाँसिल गर्न तथा आँबुखैरेनी गाउँपालिकाको कोषको सही सदुपयोग तथा परिचालन गर्न,

(४) क्यान्सर र अन्य प्रकृतिका रोगबाटबाट पिडितहरुलाई तत्काल राहत सहयोग उपलब्ध गराउन,

(४) उद्देश्यः

(१) नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालहरुबाट क्यान्सर रोग निदान भएका र आवश्यक कागजात पुरा भएका अन्य प्रकृतिका रोगको निदान भएका गाउँपालिकाका नागरिकलाई उपचार राहत स्वरुप नगद उपलब्ध गराउने र निजहरुको उपचारमा सहयोग गर्ने ।

(२) मानवीय, प्राकृतिक विपत वा अन्य संकटबाट क्षति भएका वा जोखिममा रहेका गाउँपालिकामा दर्ता भई संचालनमा रहेका बयाबसायीहरुलाई राहत स्वरुप नगद उपलब्ध गराउने ।

## परिच्छेद २
## कोष स्थापना

(५) कोष स्थापनाः

(१) नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालहरुबाट क्यान्सर र अन्य प्रकृतिका रोग निदान भएका गाउँपालिकाका नागरिकलाई साथै मानवीय, प्राकृतिक विपत वा अन्य संकटबाट क्षति भएका वा जोखिममा रहेका गाउँपालिकामा दर्ता भई संचालनमा रहेका बयाबसायीहरुलाई राहत स्वरुप नगद उपलब्ध गराउन गाउँसभाबाट पारित नीति तथा कार्यक्रम अन्तर्गत एक कोषको स्थापना हुनेछ ।

(२) यस कोषको नाम "नागरिक उपचार तथा ब्यबसायी सुरक्षा कोष" रहने छ ।

(६) कोषमा जम्मा हुने रकमः

(१) गाउँपालिकाबाट यस कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) संघीय सरकार, प्रदेश सरकारबाट कोषलाई प्राप्त हुने रकम,

(३) दातृ निकाय, गैर सरकारी संस्था, , अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

(७) कोषबाट खर्च हुने क्षेत्रः

(१) क्यान्सर रोगको निदान भएका गाउँपालिका भित्रका नागरिकलाई एकपटक प्रति व्यक्ति रु. ५००००.०० (पचास हजार रुपैयाँ) र अन्य प्रकृतिका रोगको हकमा अधिकतम रु. ३५००० (पैंतीस हजार रुपैयाँ) उपचार खर्च स्वरुप उपलब्ध गराईनेछ ।

(२) मानवीय, प्राकृतिक विपत वा अन्य संकटबाट क्षति भएका वा जोखिममा रहेका गाउँपालिकामा दर्ता भई संचालनमा रहेका ब्यबसायिहरुका सम्बन्धमा राहत स्वरुप नगद उपलब्ध गराउन क्षतिको विवरणका आधारमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

(३) सम्बन्धित शिर्षकमा अन्य स्रोय र निकायबाट सहयोग रकम प्राप्त गरेको भएपनि यस कार्यविधि अन्तर्गत रकम भुक्तानी गर्न बाधा परेको मानिने छैन ।

(८) सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः गाउँ कार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग प्राप्त गर्न तपसिलबमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(१) सम्बन्धित ब्यक्तिको निवेदन,

(२) सम्बन्धीत वडा कार्यालयको सिफारिस,

(३) निवेदन साथ नेपाल सरकारबाट मान्यता प्राप्त सम्बन्धित अस्पताल, नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले क्यान्सर रोग र अन्य गम्भीर प्रकृतिका रोगको (किटान सहित) निदान भएका प्रमाणका प्रतिलिपी,

(४) ब्यबसायी सुरक्षा अन्तर्गत राहत माग गर्ने प्रक्रिया गाउँ कार्यपालिकाले निर्णय गरेअनुसार हुनेछ ।

(५) निवेदन दिने मिति भन्दा छ महिना पुरानो कागजात भएमा मान्य हुने छैन ।

(९) आर्थिक सहयोगको निर्णयः

(१) दफा ८ बमोजिम प्रकृया पुरा गरी क्यान्सर पिडितकको लागी सहयोग माग भएमा रु. ५००००।—(पचास हजार रुपैयाँ) सम्मको र अन्य प्रकृतिका रोगको हकमा अधिकतम रु. ३५००० (पैंतीस हजार रुपैयाँ) अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई आदेश गर्न सक्नेछ ।

(१०) कार्यविधिको संशोधनः यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

(११) बचाऊ र खारेजीः

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

**आज्ञाले**
**बिष्णु प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**